# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, भदौ २८ गते, २०८१ साल (अतिरिक्ताङ्क २८(क)

## भाग ३

### संघीय संसद सचिवालयको

### सूचना

**संघीय संसद सचिवालय कर्मचारी प्रशासन (छैटौं संशोधन) नियमावली, २०८१**

संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १०८ ले दिएको अधिकार प्रयोग गरी सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "संघीय संसद सचिवालय कर्मचारी प्रशासन (छैटौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम २२ मा संशोधनः** संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २२ को उपनियम (४) को अन्त्यमा "यसरी बढुवा हुने कर्मचारीको अवकाश पछिको सुविधा हिसाव गर्दा साविक तलबमान वा बढुवापश्चातको तलबमान मध्ये जुन बढी हुन्छ सोही बमोजिमको सुविधा पाउनेछ।" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-१२ को सट्टा देहायको अनुसूची-१२ राखिएको छ।

"अनुसूची-१२

(नियम ८४ र नियम १०८ को उपनियम (१) सँग सम्बन्धित)

भत्ता

| भत्ताको किसिम | राजपत्राङ्कित कर्मचारीको लागि | राजपत्र अनङ्कित र श्रेणीविहीन कर्मचारीको लागि |
|---|---|---|
| आवास भत्ता (कर्मचारी र मर्यादापालकको लागि) | प्रति महिना रु. ७,०००।- | प्रति महिना रु. ६,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| शैक्षिक भत्ता<br>(कर्मचारी र मर्यादापालकको लागि) | प्रति महिना रु. ६००।- |
| सुरक्षा भत्ता<br>(मर्यादापालकका लागि मात्र) | प्रति महिना रु. ५००।- |

"

आज्ञाले,
पद्म प्रसाद पाण्डेय
महासचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।